# बहूउद्देश्यीय सभाहल निर्माण सम्बन्धी कार्यविधि, २०७५

**प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**गण्डकी प्रदेश, पोखरा**

# बहूउद्देश्यीय सभाहल निर्माणसम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना:**गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक कार्यक्रमको बुँदा नं. ९ मा समावेश भए बमोजमि गाउँपालकिा तथा संघसंस्थाको सहलगानीमा गाउँपालकिामा वहूउद्देश्यीय सभाहल निर्माण सम्बन्धी कार्य गर्न गराउन बाञ्छनीय भएको हुनाले यस कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**

1) यस कार्यविधिको नाम "बहूउद्देश्यीय सभाहल निर्माणसम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।
2) यो कार्यविधि गण्डकी प्रदेशभर लागु हुनेछ ।
3) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ..

क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

ख) "सभाहल" भन्नाले प्रदेश भित्रका गाउँपालिकामा गाउँपालिका तथा संघसंस्थाको सहलगानीमा निर्माण गरिने बहूउद्देश्यीय सभाहल सम्झनु पर्छ ।

ग) "सार्वजनिक खरिद कानून" भन्नाले गण्डकी प्रदेशमा लागु रहेको केन्द्रको सार्वजनिक खरिद ऐन वा नियमावली सम्झनुपर्दछ ।

घ) "डिभिजन कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका डिभिजन कार्यालय सम्झनु पर्छ र सो शब्दले सब-डिभिजन कार्यालय समेतलाई पनि जनाउँदछ ।

## परिच्छेद -२

## जग्गा सम्बन्धी

**३. <u>जग्गा प्राप्ती सम्बन्धमा</u>**

1) गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गर्दा सो सभाहललाई आवश्यक पर्ने जग्गा गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।
2) उपदफा (१) बमोजिम गाउँपालिकालाई आवश्यक पर्ने जग्गास्थानीय व्यक्ती वा संघसस्थाले पनि उपलब्ध गराउन सक्नेछ ।

**४.<u>जग्गाको क्षेत्रफल</u>**

1) बहुउद्देश्यीय सभाहल निर्माणका लागी गाउँपालिकाले कम्तीमा २ रोपनी जग्गा उपलब्ध गराउनुपर्नेछ ।
2) गाउँपालिकाले उपलब्ध गराएको जग्गा गाउँपालिकाको केन्द्र नजिक हुनुपर्नेछ ।

**५.<u>आवश्यक कागजात पेश गर्ने</u>**

1) बहुउद्‌देश्यीय सभाहल निर्माणका लागी सम्बन्धीत गाउँपालिकाले निम्नलिखित कागजातहरु मन्त्रालय वा डिभिजन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

   क) जग्गा उपलब्ध गराउने सम्बन्धी गाउँ कार्यपालिकाको निर्णय,

   ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि,

   ग) नापी नक्साको प्रतिलिपी,

**परिच्छेद -३**

**सभाहल निर्माण सम्बन्धी**

**६.<u>सहलगानी सम्बन्धमा</u>**

1) बहुउद्‌देश्यीय सभाहल निर्माण गर्ने सन्दर्भमा विस्तृत परियोजना प्रतिवेदनमा उल्लेखित कूल लागत अनुमानको कम्तिमा ४० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्नु पर्नेछ र बाँकी रकम मन्त्रालयले व्यहोर्नेछ।
2) उपदफा (१) बमोजिम गाउँपालिकाले व्यहोर्नु पर्ने रकम स्थानीय व्यक्ती वा संघसंस्थाले चाहेको खण्डमा अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछन्।

**७.<u>विस्तृत परियोजना प्रतिवेदन:-</u>**सभाहल निर्माणको लागि सभाहलको ड्रइङ डिजाइन, लागत अनुमान र स्पेशिफिकेशन सहितको विस्तृत परियोजना प्रतिवेदन मन्त्रालय वा डिभिजन कार्यालयबाट हुनेछ ।

**८.<u>निर्माण कार्य विधि</u>**

1) सभाहलको निर्माण कार्यविधि प्रचलित सार्वजनिक खरिद कानून बमोजिम सार्वजनिक बोलपत्र आव्हवानद्‌वारा मात्र गर्नुपर्नेछ ।
2) निर्माण कार्य बढिमा दुइ आर्थिक बर्ष भित्र सम्पन्न गर्नुपर्नेछ। उक्त समयभित्र कार्य सम्पन्न नभएमा मन्त्रालयले बाँकी कामको आर्थिक दायित्व बहन गर्नेछैन ।

**९.<u>भुक्तानी प्रक्रिया</u>**

1) मन्त्रालयले आफ्नो दायित्वको रकम विलको अनुपातको आधारमा उपलब्ध गराउनेछ ।
2) निर्माण व्यवसायीसँग सम्झौता भइसकेपछि सो सम्झौता मन्त्रालय वा डिभिजन कार्यालयमा पठाउनुपर्नेछ ।
3) गाउँपालिकाबाट भूक्तानी गरिएको वा भूक्तानीको लागि प्रमाणीत बिलको प्रतिलिपी सहित रकम माग गर्नुपर्नेछ ।
4) रकम दिनु भन्दा अगाडि मन्त्रालय वा डिभिजन कार्यालयले निर्माण कार्यको अनुगमन गर्न सक्नेछ ।
5) गाउँपालिकाले रकम माग गरेको मितिबाट १५ दिन भित्र मन्त्रालय वा डिभिजन कार्यालयले भूक्तानी दिनुपर्नेछ ।

6) गाउँपालिकाले रकमको लागि असार १५ गते भन्दा अगाडि नै माग गरि सक्नुपर्नेछ ।

**१०.<u>निर्माण सहजिकरण समिति</u>**

१) बहुउद्देश्यीय सभाहल निर्माण गर्दा आइपरेका समस्या समाधान गर्नका लागि एक निर्माण सहजिकरण समिति गठन गरिनेछ ।

२) उपदफा १ बमोजिमको निर्माण सहजिकरण समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

क) सम्बन्धीत गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको एक जना कार्यपालिकाको सदस्य- संयोजक

ख) सम्बन्धीत वडाको वडाध्यक्ष - सदस्य

ग) गाउपालिकाको प्राविधिक शाखा प्रमुख -सदस्य

## परिच्छेद -४

## सुपरिवेक्षण अनुगमन र मूल्यांकन

**११.<u>सुपरिवेक्षण:-</u>**बहुउद्देश्यीय सभाहल निर्माण कार्य, सुपरभिजन र मूल्यांकन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

**१२.<u>अनुगमन र मूल्यांकन :-</u>**बहुउद्देश्यीय सभाहल निर्माण कार्यको अनुगमन र मूल्यांकन मन्त्रालय वा डिभिजन कार्यालयबाट हुनेछ ।

## परिच्छेद -५

## विविध

**१३. <u>हस्तान्तरण विधि</u>**

१) वहुउद्देश्यीय सभाहल निर्माण सम्पन्न भएपछि स्वत गाउँपालिकाको स्वामित्वमा रहनेछ ।

२) वहुउद्देश्यीय सभाहलको रेखदेख, सम्भार, सञ्चालन र उपयोग सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

**१४.<u> थपघट तथा हेरफेर:-</u>**यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१५.<u> बाधा अड्काउ फुकाउ :-</u>**यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ ।